
# पञ्चबर्षिय रणनीतिक योजना

## महिला पुनर्स्थापना केन्द्र (२०२४–२०२८)

### सामाजिक रुपान्तरण: हाम्रो गन्तव्य

१९९१ मा स्थापित, ओरेक एक गैर-नाफामुखी, गैर-सरकारी संस्था हो । नेपालमा स्थानीयदेखि अन्तराष्ट्रिय स्तरसम्म महिला मानव अधिकार र महिलावादी आन्दोलनको सामूहिक कार्यहरूलाई सहयोग र एकीकृत गर्ने एक अग्रणी महिलावादी/मानव अधिकारवादी संस्था हो, ओरेक। विगत ३४ वर्षदेखि, ओरेकले समुदायमा विभिन्न स्व-प्रतिनिधिमुलक महिलाले नेतृत्व गरेका संस्थाहरु स्थापना गर्न उत्प्रेरकको भूमिका खेलेको छ । ओरेक विविध महिलावादी तथा मानव अधिकारवादी आन्दोलन र सञ्जालहरूसँग सहकार्य गर्दै, विविधत पहिचान भएका महिलाहरुको अधिकारलाई सुनिश्चित गर्न प्रतिबद्ध छ । ओरेकले राष्ट्रिय र अन्तर्राष्ट्रिय अभियान्ताहरुलाई प्रभाव पार्ने संरचनात्मक सामाजिक परिवर्तनहरूको लागि वकालत गर्दछ । आज, ओरेक देशभरका सयौं समुदाय तहका सञ्जाल र समूहहरूसँग हातेमालो गर्दै नेपालको महिला अधिकार आन्दोलनमा आधारशिलाको रूपमा खडा छ ।

एक महिलावादी संस्थाको रुपमा ओरेकले एउटा एस्तो संसारको परिकल्पना गर्दछ जहाँ सबै महिलाहरु हिंसाबाट मुक्त भई शारीरिक अखण्डतालाई अनुभुत गर्दै प्रकृतीसँग रमाउँदै जिवन जिउनेछन् । हाम्रो काम अन्तरनिर्भरता, प्रभावित केन्द्रित दृष्टिकोण, र अन्तरपुस्ता नेतृत्वको सिद्धान्तहरूमा आधारित छ । यो परिकल्पनालाई साकार पार्न हामी समुदाय, राष्ट्रिय र विश्वव्यापी स्तरमा महिला, पुरुष र युवाहरूसँग सक्रिय रूपमा सहकार्य गर्छौं । ओरेकको रणनीतिक योजना २०२४-२०२८ ले नेपालमा लैङ्गिक समानता, मानव अधिकार र सामाजिक न्यायको वकालत गर्न संस्थागत रूपरेखा प्रस्तुत गर्दछ । हामी, हाम्रा शक्तिहरूमा निहित भइ, उदयमान अवसरहरू सदुपयोग गर्दै, आन्तरिक सीमितताहरूलाई सम्बोधन गरी र बाह्य चुनौतीहरूप्रति सतर्क रहेर




हाम्रो प्रभावलाई गहिरो बनाउदै जानेछौं । हाम्रो प्रतिबद्धता अटल छ । हामी समुदायसँग सह-नेतृत्व कायम गर्नेछौं । महिलावादी नेतृत्व विकास गर्नेछौं । सबैका लागि न्यायपूर्ण, समावेशी र हिंसामुक्त समाज निर्माणका लागि जुटिरहनेछौं ।

**दुरदृष्टी (Vision)**
महिलावादी आकाङ्क्षा प्राप्त भएको समाज ।

**ध्येय (Mission)**
सामूहिक महिलावादी कार्यद्वारा महिलाको मानव अधिकारको सम्बद्र्धन र सबै प्रकारको संरचनागत विभेदको अन्त्य ।

## रणनीतिक लक्ष्यः

१.समुदाय, अधिकारवाला समुह, साझेदार र आवद्ध संजाल प्रतिको जवाफदेयीता, महिलावादी मुल्य, र स्थानिय, राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय तहमा पैरवीको स्थान सबल भएको रुपान्तरित संस्था

२.युवा महिला, प्रभावित, स्व-प्रतिनिधीमुलक तथा महिलाले नेतृत्व गरेको संस्था र महिला मानव अधिकार रक्षकहरुले नेतृत्व गरेको बलियो महिला अधिकार आन्दोलन

## मुख्य-कार्य क्षेत्र

- यौन तथा प्रजजन् स्वास्थ्य र अधिकार
- सामाजिक न्यायको अधिकार/संक्रमणकालिन न्याय
- अनुसन्धान तथा ज्ञान व्यवस्थापन
- पर्यावरणीय न्याय तथा महिलाको नेतृत्व
- मर्यादित कामको अधिकार, गतिशिलता र सामजिक सुरक्षा
- अन्तरपुस्ता नेतृत्व विकास
- नीतिगत पैरवी
- क्षमता विकासका स्थानहरु निर्माण
- लैङ्गिकतामा आधारित हिंसा, यसको कारण र सहयोगी सेवा
- विपद् पुर्वतयारी तथा प्रतिकार्य

## रणनीतिक उद्देश्यहरुः

- ·शारीरिक अखण्डता, गतिशिलता, मर्यादित काम, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, जलवायू न्याय र महिला मानव अधिकार रक्षकहरुको आन्दोलनका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने ।
- ·ओरेकलाई सामाजिक आन्दोलनको समन्वय तथा ज्ञान निर्माणका लागि महिलावादी स्रोत केन्द्रको रूपमा विस्तार गर्ने ।
- ·द्वन्द्व तथा लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई न्याय को अधिकार दावी गर्नका लागि सशक्तिकरण प्रकृयामा सहयोग गर्ने ।
- ·महिलामाथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धि १९८९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि, विश्वब्यापी आवधिक समीक्षा र दिगो विकासको लक्ष्य नं. ३,५, ८ ,१०, १३ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न-गराउन पैरवी गर्ने ।
- ·महिला मानव अधिकार रक्षक तथा महिला नेताका लागि अनुकुल वातावरण तयार गरी महिला आन्दोलन मजबुद बनाउने ।
- ·मानवीय संकटमा पर्यावरणीय न्याय तथा महिलाको नेतृत्वको लागि पैरवी गर्ने ।
- ·आत्म-निर्भरता, महिलावादी व्यवस्थापन र युवा नेतृत्वका लागि ओरेकको संस्थागत क्षमता सबलीकरण गर्ने ।

## अवस्था विश्लेषण (बाह्य र आन्तरिक)

महिलावादी मुल्य, बलियो सुशाषन, राष्ट्रिय पहिचान, अन्तराष्ट्रिय संजालमा आवद्धता, विषयविज्ञ नेतृत्व, सामुदायिक संस्थाहरुसँगको सहकार्य र एकीकृत तता अन्तरविविध अवधारणा

दिगो तथा लचिलो कोषको अभाव, विस्तारित संस्थागत संरचनाको अनुकुलन र दिगोपना सुनिश्चित गर्न चुनौती, परियोजनामा आधारित कोषको निरन्तरतामा सिमितता

नेपालको प्रगतिशिल संविधान, संघिय संरचना, महिलाको बढ्दो राजनीतिक सहभागिता, स्थानिय कोषको उपलब्धता, सुधारउन्मुख राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत प्रारुपहरु, र बढ्दो क्षेत्रिय तथा अन्तराष्ट्रिय महिलावादी ऐक्यवद्धता

लैङ्गिक समानता र मानव अधिकारको विरुद्धमा विश्वव्यापी धक्का, खुम्चिँदो महिलावादी स्रोत, साँधुरिदै गरेको नागरिक समाज, अभियान्ताहरुमाथी धम्की, नीतिगत कार्यन्वयनमा खाडल, पितृसत्तात्मक सोच र नेपालमा महिलावादी संस्थाहरुको अभाव

## परिवर्तनका सिद्धान्त:

**यदी,**

लैङ्गिक असमानतालाई चुनौती दिदै परिवर्तन गर्न महिला, समुदाय, संस्था र सरोकारवालाहरूको महिलावादी चेतना, आलोचनात्मक सोच र रूपान्तरणकारी क्षमता वृद्धि भएमा र अधिकार र स्वायत्तता अनुभुतीका लागि महिला तथा पछाडी पारिएको समुदायको आर्थिक, स्वास्थ्य, कानुनी, पर्यावरणीय र राजनीतिक स्रोतमाथीको पहुँच बृद्धी भएमा

**त्यसपछी,**

महिला र सीमान्तकृत समूहहरूले डर वा नियन्त्रण बिना आफ्नो शरीर, जीवन र समुदायको बारेमा बोल्न, नेतृत्व गर्न, संगठित गर्न र सूसूचित निर्णय लिन सक्ने सक्षम, समावेशी र सुरक्षित वातावरण विकास गरिनेछ । प्रणालीगत अन्यायलाई चुनौती दिने र लैङ्गिक न्याय र मानव अधिकारको लागि सामूहिक कार्यलाई बढावा दिने महिलावादी आन्दोलनहरू र ऐक्यबद्धता सञ्जाललाई बलियो बनाइनेछ ।

